बैठक संख्या: १०/२०८२-२०८३

आज मिति २०८३ बैशाख २१ गते सोमबार बिहान ११ बजे ऐरावती गाउँपालिकाको सभाहलमा गाउँ कार्यपालिकाका अध्यक्ष श्री नविल विक्रम शाहको अध्यक्षतामा तपसिलका सदस्यहरुको उपस्थितिमा ऐरावती गाउँ कार्यपालिकाको बैठक बसी देहाय बमोजिमको प्रस्ताव उपर छलफल गरि देहाय बमोजिमको निर्णय गरियो ।

तपसिल:

| क्र.सं. | नाम,थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री नबिल बिक्रम शाह | अध्यक्ष | |
| २ | श्री कृष्ण प्रसाद श्रेष्ठ | उपाध्यक्ष | |
| ३ | श्री अमर बहादुर रेश्मी | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री भिमेष कुमार घर्तीमगर | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री पदम बहादुर जि.सी. | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री मिना रोका मगर | का.वा.वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री चन्द्र बहादुर रोका मगर | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री भरत बहादुर खड्का क्षेत्री | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री चमेली गुरुङ | कार्यपालिका सदस्य | चमेली |
| १० | श्री भागिरथी खत्री | कार्यपालिका सदस्य | |
| ११ | श्री दुर्गा के.सी. | कार्यपालिका सदस्य | दुर्गा |
| १२ | श्री सिता गैरे | कार्यपालिका सदस्य | |
| १३ | श्री अर्जुन गन्धर्व | कार्यपालिका सदस्य | |
| १४ | श्री भक्त बहादुर वि.क. | कार्यपालिका सदस्य | |
| १५ | श्री सरद गौतम | सचिव | |
| | | | |
| | आमन्त्रित | | |
| १६ | बालगोपाल श्रेष्ठ | स्वास्थ्य शाखा प्रमुख | |
| १७ | श्री रुद्र प्रसाद पोखेल | आर्थिक प्रशासन शाखा | |
| १८ | श्री राजु खड्का | का.स. | |

निर्णयहरु:

निर्णय नं १

आगामी आ.व.को बार्षिक योजना तर्जुमाका लागि तपसिल बमोजिम कार्य गर्ने निर्णय गरियो।

क) बिषयगत शाखा तथा वडा कार्यालयलाई बजेट सिलिंग उपलब्ध गराउने बैशाख १५ गते भित्र।

ख) बस्ती तथा टोलस्तरीय आयोजना छनौट गरी वडा समितिमा पेश गर्ने बैशाख मसान्त भित्र।

ग) वडा समितिबाट आयोजनाको प्राथमिकिकरण गरी गाउँपालिकामा पेश गर्ने ज्येष्ठ ५ गते भित्र।

घ) बिषयगत समितिले आयोजनाको प्राथमिकिकरण गरी पेश गर्ने ज्येष्ठ १५ गते भित्र।

ङ) बजेट तथा कार्यक्रम तर्जुमा समितिले बजेट तथा वार्षिक विकास कार्यक्रमको प्रस्ताव तयार गर्ने ज्येष्ठ २५ गते भित्र।

च) नीति तथा कार्यक्रम र आर्थिक ऐन तथा विनियोजन ऐनको मस्यौदा तयार ज्येष्ठ मसान्त भित्र।

छ) नीति तथा कार्यक्रम र आर्थिक ऐन तथा विनियोजन ऐनको मस्यौदा कार्यपालिकाबाट स्वीकृत गर्ने असार ५ गते भित्र।

ज) सभामा नीति तथा कार्यक्रम प्रस्तुत असार ९ गते।

झ) सभामा बजेट प्रस्तुत असार १० गते।

ञ) पूर्व योजना तर्जुमा गोष्ठि बैशाख १५ गते।

ट) गै.स.स. तथा विकास साझेदारलाई ज्येष्ठ मसान्त भित्र आ- आफ्ना कार्यक्रम पेश गर्न लगाउने।

निर्णय नं २

सार्वजनिक जग्गा संरक्षण गर्ने तथा सार्वजनिक जग्गाहरुमा रहेको अतिक्रमण हटाउने सम्बन्धमा जिल्ला प्रशासन कार्यालय, प्यूठानको च. न. ३४२३ मिति २०८३/०१/१८ को पत्रमा माग भएबमोजिम सरकारी तथा सार्वजनिक जग्गाहरुको अध्यावधिक विवरण र अतिक्रमण हटाउने योजना कार्यान्वयन सम्बन्धमा जिल्लास्थित नापि तथा मालपोत कार्यालयहरुसँग समन्वय गरि अतिक्रमित सार्वजनिक जग्गा एकिन गरि आवश्यक कारवाहि अघि बढाउने निर्णय गरियो।

ऐरावती गाउँ कार्यपालिकाको (कार्य सम्पादन) नियमावली, २०७४ को नियम ९(१) बमोजिम अध्यक्षबाट सिधै प्रस्तुत प्रस्तावहरु:

१. वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धी,
२. सार्वजनिक जग्गा संरक्षण गर्ने तथा अतिक्रमण हटाउने सम्बन्धमा,
३. बहुक्षेत्रीय पोषण कार्यक्रम कार्यान्वयन सम्बन्धमा।
४. गोठीबाङ फाँटमा तटबन्ध निर्माण सम्बन्धमा।
५. विविध